सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९७ ♦ २०८३ साल असार ३० मंगलवार ♦ 14 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनकपुरधाम उपमहानगरले ल्यायो २ अर्ब ६५ करोडको बजेट

**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगर पालिकाको १५औं नगरसभामा आर्थिक वर्ष २०८३/८४ का लागि दुई अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैयाँ बराबर को आय-व्यय अनुमान (बजेट) प्रस्तुत गरिएको छ।




उपमहानगरपालिकाका ज्येष्ठ वडा नं. १६ का वडाध्यक्ष र ामचन्द्र पञ्जियारले नगरसभामा प्रस्तुत गर्नुभएको बजेटअनुसार चालु खर्चतर्फ एक अर्ब ४२ करोड ७७ लाख नौ हजार रुपैयाँ तथा पुँजीगत खर्चतर्फ एक अर्ब २२ करोड २२ लाख ५३ हजार रुपैयाँ विनियोजन गरिएको छ। बजेटमा आर्थिक विकासतर्फ पाँच करोड ९४ लाख ५४ हजार ४०८ रुपैयाँ, सामाजिक विकासतर्फ ८३ करोड २८ लाख ९८ हजार ७६२ रुपैयाँ, पूर्वाधार विकासतर्फ ९१ करोड २२ लाख ७८ हजार ८३० रुपैयाँ तथा सुशासन र अन्तरसम्बन्धित क्षेत्रका लागि ३१ करोड ७४ लाख रुपैयाँ विनियोजन गरिएको छ।

नगरप्रमुख मनोजकुमार साहका अनुसार कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि ५३ करोड रुपैयाँ छुट्याइएको छ।

यसअघि नगरसभाको उद्घाटन गर्दै नगरप्रमुख साहले आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। नीति तथा कार्यक्रममा "स्वच्छ, सुशासित, समृद्ध, पर्यटकीय तथा सांस्कृतिक जनकपुरधाम" निर्माण गर्ने दीर्घकालीन लक्ष्यलाई प्राथमिकतामा राखिएको छ।

नीति तथा कार्यक्रममा जनकपुरधामलाई सफा, स्वच्छ र आकर्षक नगरका रूपमा विकास गर्न पर्यटकीय पूर्वाधार विस्तारमा विशेष जोड दिइएको छ। साथै, जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने तयारीस्वरूप संरक्षित क्षेत्रको नक्साङ्कन सम्पन्न भएको उल्लेख गर्दै पुरातत्व विभागसँगको समन्वयमा संरक्षणसम्बन्धी कार्यलाई अघि बढाइने जनाइएको छ।

यसका अतिरिक्त जनकपुरधामका ऐतिहासिक मठमन्दिर, पोखरी तथा दुग्धमती नदीलगायत सांस्कृतिक एवं धार्मिक महत्वका सम्पदाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ। शिक्षा, स्वास्थ्य तथा आधारभूत पूर्वाधार विकासलाई पनि नीति तथा कार्यक्रमको मुख्य प्राथमिकतामा राखिएको छ।

नगरसभाको उद्घाटन समारोहमा प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा कार्यपालिका सदस्य राकेश विक्रम साहले वर्तमान जनप्रतिनिधिको कार्यकाल अन्तिम चरणमा पुगेकाले जनताले प्रत्यक्ष रूपमा परिवर्तनको अनुभूति गर्ने गरी विकास र सेवा प्रवाहमा प्रभावकारी ढङ्गले काम गर्नुपर्नेमा जोड दिनुभयो।

## महोत्तरीमा धान रोपाइँ २५.३९ प्रतिशत मात्रै, वर्षा अभावले किसान चिन्तित

**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

महोत्तरी जिल्लामा यस वर्षको मनसुन अपेक्षाअनुसार सक्रिय हुन नसक्दा धान रोपाइँको काम निकै सुस्त देखिएको छ ।

कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार असार २६ गतेसम्म जिल्लामा कुल अनुमानित ४० हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये १० हजार १ सय ५८ हेक्टर अर्थात् २५.३९ प्रतिशत क्षेत्रमा मात्रै धान रोपाइँ सम्पन्न भएको छ । अझै २९ हजार ८ सय ४२ हेक्टर (७४.६१ प्रतिशत) क्षेत्रमा रोपाइँ हुन बाँकी रहेको छ ।

कृषि ज्ञान केन्द्र महोत्तरीले कृषि विकास निर्देशनालय धनुषालाई पठाएको प्रगति विवरणअनुसार जिल्लाका अधिकांश स्थानीय तहमा पर्याप्त वर्षा नहुँदा किसानले रोपाइँलाई तीव्रता दिन सकेका छैनन् । कतिपय स्थानमा सिँचाइको सुविधा भएका क्षेत्रमा मात्रै रोपाइँ अघि बढेको छ भने वर्षामा निर्भर किसान अझै आकाशतर्फ हेरेर बस्न बाध्य छन् ।

तथ्यांकअनुसार सबैभन्दा बढी प्रगति बलवा नगरपालिका र औरही नगरपालिकामा भएको छ । यी दुवै स्थानीय तहमा अनुमानित क्षेत्रफलको ५०


*बाँकी पृष्ठ ३ मा*



**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशमा जथाभावी खनिएको खाल्डाले लिँदैछ बर्सेनि सय बढी बालबालिकाको ज्यान

शैलेन्द्र महतो

सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चोक चोहर्वामा रहेको पशु हाटबजारनजिक खाल्डोमा जमेको पानीमा आइतबार एकै परिवारका तीन बालबालिका अस्ताए।

मृत्यु हुनेमा कवाड तथा प्लास्टिकका टुक्रा संकलन गरेर जीविकोपार्जन गर्ने स्थानीय अवास शेख र सबिनाका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख छन्।

सबिना गोलबजारमा एक घर भाडामा लिएर पाँच सन्तानलाई साथै राखेर कवाड संकलन गर्दै परिवारको गुजारा चलाउँदै आइ रहेकी थिइन्। उनका श्रीमान् शारीरिक रुपमा अशक्त भएकाले रौटहटस्थित घरमै छन्।

आइतबार बिहानै खाना खाइसकेपछि जेठी छोरो सबनमसँग कवाड तथा प्लास्टिक संकलन गर्ने तयारी गरेकी थिइन्।

विद्यालय बिदा भएकाले अरु छोराछोरी खेल्न बाहिर निस्किएका थिए। केहीबेरमै छोराछोरी पानी जमेको खाल्डोमा फसेको खबर पाइन्। रोइकराइ गर्न थालिन्। स्थानीय जुटिहाले, खोजी सुरु गर्न थाले। सुरुमा स्थानीयले एक जनामात्रै डुबेको खबर पाएका थिए। खोजी गर्दा अन्य दुई बालबालिकाको शव पनि सोही खाल्डोमा फेला पर्‍यो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार उक्त खाल्डो वर्षौंदेखि गाईवस्तुलाई पानी खुवाउन प्रयोग हुँदै आएको हो। करिब ५० फिट लम्बाइ, २५ फिट चौडाइ र ६ फिट गहिरो खाल्डोमा जमेको पानी हाटबजार लाग्ने दिन गाईवस्तुलाई पिउन दिइने गरिन्छ।

सिरहाको यो घटना भएको केही घण्टाकै अन्तरालमा बाराको कलैया उपमहानगरपालिका-११ घोघडरियास्थित एक पोखरीमा ६ वर्षीया बालिका डुबिन्। साँझ करिब ६:३० बजे स्थानीय सन्तोष पासवानकी ६ वर्षीया छोरी राधिका कुमारी नुहाउने क्रममा पोखरीमै डुबेकी थिइन्।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार परिवारका सदस्य र स्थानीयवासीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुर्‍याए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

यसअघि १४ असारमा रौतहटको गढीमाइ नगरपालिका-१ स्थित बागमती नदीको घरैयाघाटमा डुबेर दुई बालकको मृत्यु भएको थियो।

नदीमा बगिरहेको दाउरा निकाल्ने क्रममा ८ वर्षीय आदित्य यादव र ८ वर्षीय अनिकेस यादव डुबेर बेपत्ता भएका थिए। स्थानीयवासी र सुरक्षाकर्मीको टोलीले उनीहरूलाई उद्धार गरी अस्पताल पुर्‍याए पनि चिकित्सकले बचाउन सकेनन्।

६ जेठ २०८२ मा धनुषाको कमला नगरपालिका-२ सराबे टोल नजिक नवनिर्मित कृषि सडकको खाल्डोमा डुबेर एकै घरका दुई



बालकले ज्यान गुमाए। स्थानीय रामबाबु साहका ७ वर्षीय छोरा रितिक साह र उनका भाइ श्यामबाबु साहका ५ वर्षीय छोरा रितिश साह खेल्ने क्रममा बाटो निर्माणका लागि करिब ५ फिट गहिरो खनिएको खाल्डोमा पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए।

कमला नगरपालिकाको १० लाख रुपैयाँको लागतमा कोटेशनमार्फत स्थानीय ठेकेदार राजेन्द्र मण्डलले आफ्नै खेतबाट सडक निर्माण गर्दा सम्झौताविपरीत खनेको गहिरो खाल्डो दुवै बालकको काल बन्यो।

त्यसैगरी, २०८२ साउन २७ गते बिहान पर्साको ठोरी गाउँपालिका-२ हनुमाननगरका मनोज कठायतका ८ वर्षीय छोरा अंश र ४ वर्षीय छोरा आयंश घरबाट खेल्न निस्किएका थिए। घरदेखि करिब १५० मिटर टाढा रहेको ठोरी-१ र २ को बीचबाट बग्ने डेढु खोलामा खेल्ने क्रममा उनीहरू केही समयअघि डोजरले बालुवा निकालेको खाल्डोमा जमेको पानीमा नुहाउन पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए।

यी घटनाहरू उदाहरण मात्र हुन्। मधेशका आठवटै जिल्लामा बर्षेनी डुबेर सयभन्दा बढी बालबालिकाले अकालमै ज्यान गुमाउनु परेको छ।

### खाल्डोले बढाएको जोखिम

विकास निर्माणका लागि खनेर छाडिएका खाल्डा, नदी तथा नदीकिनारमा जथाभावी ग्राभेल उत्खननपछि बनेका खाल्डामा जमेको पानी, माछापोखरी तथा अन्य जलाशयहरू अबोध बालबालिकाका लागि काल बन्दै गएका छन्।

पछिल्ला चारवर्षको अवधिमा मधेशमा साढे चार सय बालबालिकाको यस्ता खाल्डा तथा पोखरीमा डुबेर ज्यान गएको प्रहरीको तथ्यांक छ। वर्षेनी सय बढी बालबालिकाको आकालमा डुबेर मृत्यु भइरहेको प्रहरीकै तथ्यांकले देखिन्छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म मात्र मधेश प्रदेशमा डुबेर १११ जना बालबालिकाको अकालमै ज्यान गएको छ।

मृत्यु हुनेमध्ये ५७ जना बालक र ५४ जना बालिका छन्। सबैभन्दा बढी रौतहटमा २४ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। त्यहाँ १३ जना बालक र ११ जना बालिकाले ज्यान गुमाएका छन्।

त्यसैगरी, सप्तरीमा ६ बालिकासहित १७ जना, सिरहामा ७ बालिकासहित १६ जना, धनुषा र सर्लाहीमा १३-१३ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। धनुषामा ८ जना बालिका र ५ जना बालक तथा सर्लाहीमा ८ जना बालक र ५ जना बालिकाले ज्यान गुमाएका छन्।

यस्तै, महोत्तरीमा ७ जना बालिका र ५ जना बालक गरी १२ जना, बारामा ६ जना बालक र ५ जना बालिका गरी ११ जना तथा पर्सामा ५ जना बालकको डुबेर मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा पनि डुबेर १५० जना बालबालिकाको मृत्यु भएको थियो। तीमध्ये ९६ जना बालक र ५४ जना बालिका थिए।

यसरी आ.व. ७८।०७९ देखि चालु आ.व. २०८२।०८३ सम्म ४५३ बालबालिकाको मधेशमा डुबेर मृत्यु भएको प्रहरीको तथ्यांकमा देखिन्छ।

चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा मृतकको संख्या

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रोपाइँको चटारो,तर मलको अभावले किसान चिन्तित

**अजयकुमार साह**

**असार २९ गते, धनुषा**

असारको अन्तिम सातासम्म आइपुग्दा मधेश प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँले तीव्रता पाएको छ। केही दिनयता भएको वर्षापछि खेतमा किसानको चहलपहल बढेको छ। खेतका कान्लामा रोपाहा गीत घन्किर हेका छन्, बारी-खेत हरियाली बन्दै गएका छन्। तर यो उत्साहसँगै किसानको अनुहारमा चिन्ताको रेखा पनि उत्तिकै गहिरो छ। कारण हो-रासायनिक मलको चरम अभाव।

धान खेतीको सबैभन्दा महत्त्वपूर्ण समयमा युरिया, डीएपी र पोटासजस्ता रासायनिक मल सहज रूपमा उपलब्ध नहुँदा मधेशका किसान खेत र मल बिक्री केन्द्रबीच धाउन बाध्य भएका छन्। वर्षा समयमै भए पनि मल नपाउँदा उत्पादन घट्ने चिन्ताले किसानहरू निराश बनेका छन्। उनीहरूको एउटै प्रश्न छ- “खेतमा पानी पुग्यो, रोपाइँ पनि गरियो, तर मल कहाँ छ ?”सरकारले भने मुलुकभर रासायनिक मलको अभाव नर हेको दाबी गर्दै आएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार हाल देशभर ९२ हजार ५९२ मेट्रिक टन रासायनिक मल मौज्दात छ। मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मन्त्री श्याम प्रसाद पटेल पनि पटक-पटक आवश्यक परिमाणमा मल उपलब्ध गराउने तयारी भइरहेको र किसान आत्तिनुपर्ने अवस्था नरहेको बताउँदै आउनुभएको छ।

तर सरकारी दाबी र किसानले भोगिरहेको यथार्थ भने फरक देखिन्छ। मधेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सालगायत जिल्ला किसानहरू एक बोरा मलका लागि घण्टौँदेखि दिनौँसम्म लाइनमा बस्न बाध्य छन्।

कतिपय स्थानमा मल वितरण हुने खबर पाएपछि बिहानैदेखि किसान बिक्री केन्द्रमा पुग्छन्, तर सीमित परिमाणका कारण धेरैजसो किसान रित्तो हात फर्किनुपर्ने अवस्था छ।धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुरका किसान अयोधीप्रसाद महतोका अनुसार स्थानीय सहकारीमा जम्मा १५० बोरा मल पुगेको थियो। त्यो परिमाण स्थानीय आवश्यकताको एक प्रतिशत पनि नभएको उहाँ बताउनुहुन्छ। “धान रोपाइँ सुरु भइसक्यो, तर मल पाउन सकिएको छैन। समयमै मल नपाए उत्पादनमा प्रत्यक्ष असर पर्छ,” उहाँको भनाइ छ।

मधेशका अन्य जिल्लामा पनि अवस्था उस्तै छ। कतिपय किसान मलबिनै धान रोप्न बाध्य भएका छन् भने केहीले सीमावर्ती भारतीय बजारबाट महँगो मूल्यमा मल ल्याउने प्रयास गरिरहेका छन्। यसले खेतीको लागत बढाएको छ भने गुणस्तरीय मलको सुनिश्चिततामाथि पनि प्रश्न उठेको छ।

कृषि विभागका अनुसार असार २६ गतेसम्म मधेश प्रदेशमा ३२.८ प्रतिशत मात्र धान रोपाइँ सम्पन्न भएको छ। यो सात प्रदेशमध्ये दोस्रो न्यून प्रगति हो। कृषि क्षेत्रका जानकारहरूका अनुसार रासायनिक मलको अभाव, उन्नत बीउको सीमित उपलब्धता तथा पर्याप्त सिँचाइ सुविधाको कमीका कारण रोपाइँको गति प्रभावित भएको हो।

कृषि विज्ञहरूका अनुसार नेपालमा बर्खे धानका लागि करिब दुई लाख मेट्रिक टन युरिया, एक लाख ५० हजार मेट्रिक टन डीएपी र १५ हजार मेट्रिक टन पोटास आवश्यक पर्छ। हाल मौज्दात रहेको र आयातको क्रममा रहेको मल जोड्दा पनि आवश्यक परिमाणको करिब एकतिहाइ मात्र उपलब्ध हुने अवस्था रहेको उनीहरूको भनाइ छ। त्यसैले सरकारले पर्याप्त मौज्दात रहेको दाबी गरे पनि किसानको आवश्यकता पूरा हुने अवस्था नरहेको विज्ञहरूको निष्कर्ष छ।

मल अभावसँगै खरिद प्रक्रियामाथि पनि प्रश्न उठ्न थालेका छन्। एउटै अन्तर्राष्ट्रिय आपूर्तिकर्ताले भारतलाई कम मूल्यमा र नेपाललाई तुलनात्मक रूपमा महँगो मूल्यमा मल उपलब्ध गराएको विषय संसद्मा उठेको छ। सांसदहरूले खरिद प्रक्रियामा पारदर्शिता कायम गर्न तथा सम्भावित अनियमितताको छानबिन गर्न सरकारसँग माग गरेका छन्।

नेपालको कुल खेतीयोग्य जमिनमध्ये करिब ५४ प्रतिशत क्षेत्रमा धान खेती हुने गर्छ। कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा धानको योगदान करिब १३ प्रतिशत रहेको छ। मधेश प्रदेशलाई देशको ‘अन्न भण्डार’ मानिन्छ। यही प्रदेशमा धान उत्पादन घटे त्यसको प्रत्यक्ष असर राष्ट्रिय खाद्य सुरक्षामा पर्ने कृषि विज्ञहरूको भनाइ छ।कृषि अर्थशास्त्रीहरूका



अनुसार धान खेतीमा रासायनिक मलको प्रयोग समयमै हुन नसके उत्पादनमा उल्लेखनीय गिरावट आउन सक्छ।

कृषि विज्ञ डा श्रीभगवान ठाकुर भन्नुहुन्छ, “रोपाइँपछि निश्चित समयमा युरिया र डीएपी प्रयोग गर्न नसकिए बोटको वृद्धि, बाला लाग्ने क्षमता र उत्पादन सबै प्रभावित हुन्छ। त्यसको असर किसानको आम्दानीमा मात्र होइन, मुलुकको खाद्यान्न आयातमा समेत पर्न सक्छ।”

किसानहरू अहिले सरकारसँग ठूलो अपेक्षा राखेका छन्। उनीहरूको माग नयाँ कार्यक्रम वा राहतको होइन, समयमै आवश्यक मलको सहज उपलब्धता हो। कृषि उत्पादनको मेरुदण्ड मानिने किसानलाई खेतीकै मौसममा मलका लागि लाइनमा उभिनुपर्ने अवस्था अन्त्य नगरे प्रत्येक वर्ष दोहोरिने यही समस्या भविष्यमा अझ गम्भीर बन्न सक्ने कृषि क्षेत्रका सरोकारवालाहरूको चेतावनी छ।

वर्षाको अनुकूलतासँगै खेतमा रोपाइँको चटारो बढिरहेको छ। अब सर कारले मल आपूर्ति र वितरण व्यवस्थापनलाई प्रभावकारी बनाउन सके मात्र किसानको मेहनतले अपेक्षित प्रतिफल पाउनेछ। अन्यथा मधेशका हरिया खेतले यस वर्ष पनि मल अभावको पीडा बोकेर अपेक्षाभन्दा कम उत्पादन दिनुपर्ने जोखिम टरेको छैन।

# मधेशमा जथाभावी खनिएको ........

केही कम देखिए पनि डुबेर बालबालिकाले अकालमै ज्यान गुमाउने क्रम भने रोकिएको छैन ।

त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा ११० जना तथा आर्थिक वर्ष २०७९/८० मा ८२ जना बालबालिकाको डुबेर मृत्यु भएको थियो ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकाल प्रदेशको आठवटै जिल्लामा वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्थामा बालबालिकाले गहिराइको अवस्था नपाएर डुब्ने गरिएको बताउँछन् ।

‘मधेश प्रदेशका जिल्लाहरुमा सुगम र दुर्गम क्षेत्रहरु छन् । वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्था हुन्छन् । त्यमा गहिराइको अनुभव बालबालिकाले थाहा नपाउने र पसेपछि डुब्ने गरेको विगतको घटनाको प्रकृतिहरुबाट देखिएको छ’ उनले भने ।

### किन भइरहेछ यस्तो ?

बालबालिका डुबेर मृत्यु हुने क्रम बढ्नुमा गाउँ-गाउँमा रहेका माछा पोखरी, नुहाउने तथा लुगा धुने पोखरी, विकास निर्माणका लागि खनेर छाडिएका खाल्डाखुल्डी तथा निजी जग्गा, खोला र नदी किनारबाट माटो तथा ग्राभेल उत्खनन गरी छाडिएका खाल्डाहरू प्रमुख कारण बनेका छन् ।

मधेशका कमला, औरही, रातु, बागमतीलगायत प्रायः सबै नदी किनारमा स्थानीय सरकार र प्रहरी प्रशासनकै मिलेमतोमा ग्राइभेल उत्खन्न भएको गहिरा खाल्डा पर्याप्त देख्न सकिन्छ ।

यस्तै सडक निर्माणको क्रममा छेउबाट माटो झिकेको खाल्डोहरु पनि मधेशमा धेरै छन् । ती खाल्डाहरू वर्षायाममा पानीले भरिएपछि बालबालिकाका लागि ठूलो जोखिम बन्छन् ।

खेल्ने क्रममा सामान्य पानी ठानेर पस्ने बालबालिका गहिराइको अनुमान गर्न नसक्दा डुबेर ज्यान गुमाउने गरेका छन् । यस्ता खाल्डाखुल्डीको व्यवस्थापनमा स्थानीय सरकार र सम्बन्धित निकाय गम्भीर नदेखिएको आम जगुनासो छ ।

उत्खनन् रोक्न नसक्ने र उत्खननपछि खाल्डा व्यवस्थापन गर्न पनि बेवास्ता गर्ने प्रवृत्तिका कारण गरिब तथा मध्यमवर्गीय परिवारका बालबालिका सबैभन्दा बढी जोखिममा परेका छन् ।

पछिल्लो समय निजी जग्गाबाट माटो र ग्राभेल बिक्री गर्ने क्रम पनि बढेको छ । २५/३० फिटसम्म गहिरा खाल्डा खनेर खुला छाड्ने प्रवृत्ति पनि छ । यसमाथि प्रभावकारी नियमन गर्न सरकारले अझै सकिरहेको छैन ।

विकास निर्माणका क्रममा सडक छेउमा खनिएका खाल्डाले पनि बालबालिकाको ज्यान लिइरहेको छ ।

यस्ता दुर्घटनाको शिकार प्रायः गरिब तथा विपन्न परिवारका बालबालिका बन्ने गरेका छन् । अभिभावक दैनिक जीविकोपार्जनका काममा व्यस्त हुँदा बालबालिका खेल्दै त्यस्ता जोखिमयुक्त स्थानमा पुग्ने र दुर्घटनामा पर्ने गरेको देखिन्छन् ।

यी घटनाको न्यूनीकरणका लागि तीनै तहका सरकारले अपेक्षित पहल गर्न नसकेको देखिन्छ । सबभन्दा बढी जिम्मेबार स्थानीय सरकार हुनु पर्ने हो ।

सिरहाका प्रहरी प्रवक्ता रमेश पाल भन्छन्, ‘हामीले बैठक तथा छलफलहरूमा बालबालिका डुब्ने सम्भावित जोखिमका कुरा उठाइरहेका हुन्छौं । यसमा सबभन्दा बढी ध्यान स्थानीय सरकारले दिनु पर्ने हो । सचेतना फैलाउनु पर्ने हो । यसले घटनाहरु न्यूनीकरण हुन सक्छ ।’

मधेश मामिलाका जानकार तुलानारायण साह मधेशमा बालबालिका डुबेर हुने अधिकांश मृत्यु वर्गीय समस्यासँग जोडिएको बताउँछन् । ‘डुब्ने घटनामा प्रायः गरिब परिवारका बालबालिका पर्दै आएका छन् । सम्पन्न परिवारले बालबालिकाको राम्रो रेखदेख गर्न सक्छन्,’ उनले भने, ‘तर गरिब परिवारका अभिभावक जीविकोपार्जनमा व्यस्त हुँदा बालबालिका खेल्ने क्रममा पोखरी, नाला र खाल्डाखुल्डीमा पुगेर दुर्घटनामा पर्ने गरेका छन् ।’ उनले यस्ता घटनामा राज्य र सरोकारवाला जिम्मेवार हुनुपर्ने पनि बताए ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालका अनुसार वर्षायाममा बालबालिका डुब्ने घटनाप्रति सबै पक्ष सचेत हुन आवश्यक छ ।

‘अभिभावकले बालबालिका कहाँ गएका छन्, के गरिरहेका छन् भन्ने विषयमा निरन्तर निगरानी राख्नुपर्छ,’ उनी भन्छन्, ‘घरवरिपरिका नाला, पोखरी र खाल्डाखुल्डी सफा गर्ने, आवश्यक स्थानमा पुर्ने तथा तारबार लगाउने काममा समुदायको सक्रिय सहभागिता आवश्यक छ ।’

एसपएसपी ढकालका अनुसार प्रदेश प्रहरी कार्यालयदेखि जिल्ला, इलाका र प्रहरी चौकीसम्मका इकाइले टोलटोलमा पुगेर डुब्ने जोखिमबारे जनचेतना अभियान सञ्चालन गरिरहेका छन् ।

यस्ता जोखिम न्यूनीकरणका लागि पालिका, वडा तहबाटै सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने उनको भनाइ छ ।

# महोत्तरीमा धान रोपाइँ ....

प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ ।

बलवामा ३ हजार ४ सय १५ हेक्टरमध्ये १ हजार ७ सय ७.५ हेक्टर तथा औरहीमा २ हजार ३ सय ५० हेक्टरमध्ये १ हजार १ सय ७५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ ।

त्यसैगरी, महोत्तरी गाउँपालिकामा ४५ प्रतिशत, सम्सी गाउँपालिका र गौशाला नगरपालिकामा ३५-३५ प्रतिशत, लोहारपट्टी नगरपालिका र सोनमा गाउँपालिकामा २५-२५ प्रतिशत तथा बर्दिवास नगर पालिकामा २२ प्रतिशत क्षेत्रमा धान रोपिएको छ ।

यस्तै, रामगोपालपुर नगर पालिका र भंगहा नगर पालिकामा २०-२० प्रतिशत, पिपरा गाउँपालिकामा १२ प्रतिशत, जलेश्वर नगरपालिका तथा एकडारा गाउँपालिकामा १०-१० प्रतिशत र मटिहानी नगर पालिकामा सबैभन्दा कम ८ प्रतिशत तथा मनरा शिसवा नगरपालिकामा ५ प्रतिशत क्षेत्रमा मात्रै धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्रको विवरणमा उल्लेख छ ।

कृषि ज्ञान केन्द्र महोत्तरीका निमित्त प्रमुख देवानन्द राय यादवले यस वर्ष मनसुन ढिलो सक्रिय भएका कारण रोपाइँ प्रभावित भएको बताए ।

उनका अनुसार पर्याप्त वर्षा नहुँदा अधिकांश किसानले बीउ उम्रिसके पनि खेतमा पानी नहुँदा रोप्न नसकेको अवस्था छ ।

उनले भने, ‘अहिलेसम्म जिल्लामा करिब एक चौथाइ क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ । अब लगातार वर्षा भएमा किसानले छोटो समयमै बाँकी क्षेत्रमा पनि रोपाइँ सम्पन्न गर्न सक्ने अवस्था छ । तर, वर्षा अझै ढिलो भए उत्पादनमा समेत असर पर्ने जोखिम बढ्छ ।’

रायका अनुसार सिँचाइ सुविधा पुगेका क्षेत्रका किसानले मोटर तथा बोरिङमार्फत पानी तानेर रोपाइँ गरिरहेका भए पनि अधिकांश खेती वर्षामा निर्भर रहेकाले प्राकृतिक वर्षाको विकल्प सहज छैन ।

कृषि विज्ञहरूका अनुसार असार महिनाभित्र धान रोपाइँ सम्पन्न हुन नसके उत्पादनमा प्रत्यक्ष असर पर्ने सम्भावना रहन्छ । ढिलो रोपिएको धानको वृद्धि अवधि छोटिने, रोग कीराको प्रकोप बढ्ने तथा उत्पादन घट्ने जोखिम रहने उनीहरूको भनाइ छ ।

महोत्तरीमा धान प्रमुख खाद्यान्न बालीका रूपमा उत्पादन हुँदै आएको छ । जिल्लाको ठूलो जनसंख्या कृषि पेशामा आश्रित रहेकाले धान उत्पादनमा आउने गिरावटले किसानको आम्दानीसँगै खाद्य सुरक्षामा समेत प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

कृषि ज्ञान केन्द्रले किसानलाई मौसमको अवस्थाअनुसार र ोपाइँलाई तीव्रता दिन, उपलब्ध सिँचाइ स्रोतको अधिकतम उपयोग गर्न तथा आवश्यक कृषि प्राविधिक परामर्श लिन आग्रह गरेको छ ।

कार्यालयले आगामी केही दिनमा पर्याप्त वर्षा भए जिल्लामा रोपाइँको दर उल्लेखनीय रूपमा बढ्ने विश्वास पनि गरेको छ ।

# धनुषामा बढ्दै चैते धानको आकर्षण

**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

धनुषा जिल्लाका विभिन्न स्थानीय तहमा पछिल्ला वर्षहरूमा चैते धान खेती गर्ने किसानको संख्या उल्लेख्य रूपमा बढ्दै गएको छ।

राम्रो उत्पादन, वर्षमा तीन बाली लिन सकिने सम्भावना तथा सरकारी र विकास साझेदार संस्थाबाट बीउ, प्रविधि र तालिममा सहयोग प्राप्त हुन थालेपछि किसानहरू चैते धान खेतीतर्फ आकर्षित भएका हुन्।

लक्ष्मीनियाँ गाउँपालिकाका किसान रामबाबु महतोले चैते धानबाट राम्रो उत्पादन हुने भएकाले यसको खेती विस्तार हुँदै गएको बताए।

उनका अनुसार एक कट्ठा जमिनबाट तीनदेखि पाँच मनसम्म धान उत्पादन हुने भएकाले अन्य बालीभन्दा चैते धान बढी लाभदायक देखिएको छ।

धनुषाका सुक्खाग्रस्त तथा बाढी प्रभावित वटेश्वर र जनकनन्दनी गाउँपालिकामा सङ्घीय सरकार अन्तर्गत सञ्चालित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेपछि किसानको सहभागिता उल्लेख्य रूपमा बढेको छ।

किसान सुरेश यादवका अनुसार आयोजनाबाट प्राप्त सहयोगले खेतीप्रति नयाँ उत्साह थपिएको छ।

विश्व बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा सञ्चालन भइरहेको उक्त कार्यक्रममार्फत साना तथा न्यून आय भएका किसानलाई उन्नत जातको बीउ, आधुनिक खेती प्रविधि, सिँचाइ सामग्री तथा आवश्यक तालिम उपलब्ध गराइएको छ।

स्थानीय किसान राजेश मण्डलले यस्ता सुविधाले खेतीको लागत घट्नुका साथै उत्पादन वृद्धि भएको बताए।

वटेश्वर गाउँपालिकाका किसान महेन्द्र महतोका अनुसार गाउँपालिकामा मात्रै करिब १४० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ।

हर्दिनाथ-१, २ र ३ जातका बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध भएपछि अधिकांश किसानले चैते धान खेती सुरु गरेका छन्।

किसान शिवनाथ साहले समयमा मल, बीउ र सिँचाइको सहज व्यवस्था भए मुलुकलाई धान तथा चामल उत्पादनमा आत्मनिर्भर बनाउन सकिने विश्वास व्यक्त गरे।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना समूह एकाइ धनुषाका कृषि अधिकृत शिवचन्द्र झाले कार्यक्रम सञ्चालन गरिएका दुई पालिकामा हाल करिब १५० बिघा क्षेत्रफलमा चैते धान खेती भइरहेको जानकारी दिए। उनका अनुसार किसानको उत्साहसँगै खेती विस्तार हुने क्रम अझै जारी छ।

समूह एकाइ प्रमुख रविलाल शर्माले साना तथा न्यून आय भएका किसानको खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि र बजारीकरणलाई टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए।

यसले किसानको आयआर्जन बढाउनुका साथै कृषि क्षेत्रलाई व्यावसायिक बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको उनको भनाइ छ।

यता, कृषि ज्ञान केन्द्र धनुषाका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लाभर ८५० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको छ।

उक्त क्षेत्रबाट तीन हजार ३३२ मेट्रिक टन धान उत्पादन भएको छ भने प्रतिहेक्टर औसत उत्पादकत्व तीन दशमलव ९२ मेट्रिक टन पुगेको केन्द्रका प्रमुख प्रदीपकुमार यादवले जानकारी दिए।

कृषि ज्ञान केन्द्रले आगामी आर्थिक वर्षमा पनि चैते धान खेतीको क्षेत्र विस्तार गर्दै उत्पादन वृद्धि गर्न आवश्यक प्राविधिक सहयोग, उन्नत बीउ तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# महोत्तरीमा पति-पत्नीलाई गोली हानी डकैती गर्ने तीन जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिका-३ खखना गाउँमा गत जेठ २० गते पतिपत्नीलाई गोली प्रहार गरी डकैती गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सम्सी गाउँपालिका-६ का २१ वर्षीय अपरोज शेष, २४ वर्षीय शेष बारिक तथा गौशाला नगर पालिका-५ का क्रिशकुमार मेस्तर रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ परेका व्यक्तिहरूसहितको डाँका समूहले स्थानीय रामविश्वास यादवको घरमा सुतिरहेका उनकी छोरी किरण यादवको खुट्टामा दुई र ज्वाइँ ईश्वर नारायण यादवको दाहिने हातमा एक गोली प्रहार गरी घाइते बनाएको थियो।

घटनामा घाइते भएका दुवै जनाको स्वास्थ्य अवस्था हाल सामान्य रहेको प्रहरीले जनाएको छ।जिल्ला प्रहरी कार्यालयले आज पत्रकार सम्मेलनमार्फत अभियुक्तहरूलाई सार्वजनिक गरेको हो। घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी खारेजी गरिएको सुचना**

यस कार्यालयमा मिति २०७६/०१/०८ मा दर्ता भएको प्रा.लि.नं. २१३४७२ को पाईला सोलुसन्स प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सन्तुलित जनसंख्या: विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**औरही नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,